# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति: २०७७ फागुन १८ गते मंगलवार)

यस मुक्तिनाथ विकास बैंक लि. शाखा कार्यालय वालिङ्गबाट तपशिलमा उल्लेखित ऋणीले विभिन्न कर्जा शिर्षकमा लिएको कर्जाको साँवा, व्याज र अन्य दै-दस्तुर समेत यसै संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा लिखित पत्र मार्फत तरताकेता गर्दा समेत सोको बेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले सम्पुर्ण कर्जा चुक्ता गर्नको लागि यस विकास बैंकबाट मिति २०७७/०८/२६ मा अन्नपुर्ण पोष्ट दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सुचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेको हुनाले कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरी लिनुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धि यो २१ (एक्काईस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस विकास बैंकको शाखा कार्यालय वालिङ्गमा यस विकास बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा ईच्छुक महानुभावहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

धितो सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन २०५८ र सो को नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, व्याज, हर्जाना तथा अन्य दै दस्तुर असुल उपरका लागि अन्य कानूनी प्रक्रिया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचनाद्धारा सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता भुक्तान नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण सहित कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

१. कर्जा शिर्षक : **व्यावसायिक अधिविकर्ष र व्यावसायिक आवधिक कर्जा**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीहरुको विवरण |
|---|---|
| नाम : **ओशोन फेन्सी स्टोर्स**<br>दर्ता नं.-२०८६/०७२/०७३<br>दर्ता मितिः-२०७२/०९/१२<br>स्थायी लेखा नं.-६०४२११२६६<br>ठेगाना :- वालिङ्ग न.पा. वडा नं.३, स्याङ्गजा<br>प्रोप्राईटरको नाम : जानकी सुवेदी | १. नाम : **जानकी सुवेदी** <br>पतिको नाम : लक्ष्मण सुवेदी<br>ससुराको नाम : ठाकुर सुवेदी<br>ठेगाना : वालिङ्ग न.पा. वडा नं.०१, स्याङ्गजा<br>हालको ठेगाना : वालिङ्ग न.पा. वडा नं.०९, स्याङ्गजा<br>ना. प्र नं.: ५१२४१<br>जारी मिति, जिल्ला : २०५६/०२/०२,स्याङ्गजा |
| व्यक्तिगत धन जमानीको विवरण <br>२. नाम : **प्रदिप सुवेदी**<br>बाबुको नाम :लक्ष्मण सुवेदी<br>बाजेको नाम : ठाकुर सुवेदी<br>ठेगाना :- वालिङ्ग न.पा. वडा नं. ०१, स्याङ्गजा<br>हालको ठेगाना : वालिङ्ग न.पा. वडा नं.०९, स्याङ्गजा<br>ना.प्र नं.: ४२२०४१/१/९९<br>जारी मिति, जिल्ला : २०६७/१०/१९,स्याङ्गजा | |

**१. धितो सुरक्षण सम्बन्धि विवरण :**

| जग्गाधनीको नाम | धितो ठेगाना | कि.नं. | क्षेत्रफल | किसिम | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|---|
| जानकी सुवेदी | साविक रामपुर गा.वि.स वडा नं.०५ हाल रामपुर न.पा. वडा नं ०३, पाल्पा | २९०८ | १-६-१-१ | दो.पा. | राम बहादुर दर्जीको जग्गा | दामोदर पाण्डेको जग्गा | आफ्नै जग्गा | बाटो |
| | | २९११ | २-१५-२-३ | दो.पा. | राम बहादुर दर्जीको जग्गा | दामोदर पाण्डेको जग्गा | माधव लम्सालको जग्गा | आफ्नै जग्गा |

२. कर्जा शिर्षक : **व्यक्तिगत आवधिक कर्जा**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीहरुको विवरण |
|---|---|
| नाम : **रामजी पौडेल** <br>बाबुको नाम : आत्माराम पौडेल<br>बाजेको नाम : इन्द्रलाल पौडेल<br>ठेगाना : वालिङ्ग न.पा. ०१, स्याङ्गजा<br>हालको ठेगाना : वालिङ्ग न.पा. वडा नं.०९, स्याङ्गजा<br>ना.प्र.न.: ३२९३५<br>जारी मिति, जिल्ला : २०५३/०२/३०, स्याङ्गजा | नाम : **सञ्जय पौडेल** <br>बाबुको नाम : भोजराज पौडेल<br>बाजेको नाम : इन्द्रलाल पौडेल<br>ठेगाना : पिडिखोला गा.वि.स. ०४, स्याङ्गजा<br>हालको ठेगाना : वालिङ्ग न.पा. वडा नं.०९, स्याङ्गजा<br>ना.प्र. नं.: ४२२०४३/४१२<br>जारी मिति, जिल्ला : २०६९/०४/२४, स्याङ्गजा |
| व्यक्तिगत धन जमानीको विवरण <br>नाम : **इन्दु कोइराला**<br>पतिको नाम : रामजी पौडेल<br>ससुराको नाम : आत्माराम पौडेल<br>ठेगाना : वालिङ्ग न.पा. ०८, स्याङ्गजा<br>हालको ठेगाना : वालिङ्ग न.पा. ०१, स्याङ्गजा<br>हालको ठेगाना : वालिङ्ग न.पा. वडा नं.०९, स्याङ्गजा<br>ना.प्र नं.: १६८०<br>जारी मिति, जिल्ला : २०५७/११/११, स्याङ्गजा | |

**१. धितो सुरक्षण सम्बन्धि विवरण :**

| जग्गाधनीको नाम | धितो ठेगाना | कि.नं. | क्षेत्रफल | किसिम | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|---|
| रामजी पौडेल | साविक खालीवन गा.वि.स.वडा न.०४ हाल रामपुर न.पा. वडा नं ०१, पाल्पा | ७८४ | ४-५-०-० | दो.पा. | राधादेवी भट्टराईको जग्गा | दिनेश अधिकारी को जग्गा | सार्वजनिक जग्गा | बाटो |

## शर्त बन्देजहरू :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस बैंकको शाखा कार्यालय वालिङ्गमा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।

३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पुर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४) प्राप्त बोलपत्रहरु मिति २०७७/१२/१० गते मंगलवारका दिन दिउसो ३:०० बजे बैंकको शाखा कार्यालय वालिङ्गमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम सम्बन्धी कार्य हुनेछ । बोलपत्रकर्ता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६) बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबुल गरेको अंकको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद वा भौचर शिलबन्दी बोलपत्र साथ संलग्न गरि पेश गर्नुपर्ने छ ।

७) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार बैंकमा निहित रहनेछ ।

८) बोलपत्रमा बोलपत्रकर्ता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा पान दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

९) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र यस विकास बैंकमा सर्म्पक राखी जे जस्तोअवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिनेछ ।

१०) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले बाँकी सम्पुर्ण रकम विकास बैंकमा बुझाई तोकिएको समयभित्र बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ ।

११) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्र दाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, दै दस्तुर,कर तथा अन्यशुल्क ईत्यादी बोलपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

१२) बोलपत्र दाखिल भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।

१३) म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१४) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी विना व्याज धरौटी रकम फिर्ता दिईने छ ।

१५) लिलाम गर्ने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी यस विकास बैंकले आफै सकार गरी सोको स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा जान सक्नेछ।


"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np


Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ